**MAKAR JITUMAYA SURI HYDROPOWER LTD.**

*United World Trade Center, Tripureshwor, Kathmandu*

Phone No:- +977-1-4117008, Post Box No:- 8941

**Reg. No. 192765/065/066**

प. स. :२०८२/०८३
च. न. : ४२

मिति : २०८२/०७/२८

श्री विधुत नियमन आयोग सानोगौचरण , काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड ,खुमलटार, ललितपुर ।
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,संहदरबार प्लाजा, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,पुतलीसडक, काठमाडौं ।
श्री प्रभु क्यापिटल लिमिटेड कमलादी काठमाडौं ।

**बिषय : " १७ औ वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्बन्धमा यस **मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड** कम्पनीको मिति २०८२/०७/२७ गते साांझ ५ बजे बसेको संचालक समितिको बैठकले आ.ब. २०८१/०८२ को वार्षिक साधारण सभा मिति २०८२ साल मङ्सिर २६ गते, (तदनुसार सन २०२५ डिसेम्बर १२ तारिक) गर्ने निर्णय गरेको हुँदा सोको जानकारीको लागि अनुरोध छ। साथै उक्त बार्षिक साधारण सभा सम्बन्धि सूचना मिति २०८२ कार्तिक २८ को राष्ट्रिय स्तरको प्रक्षेपण राष्ट्रिय दैनिकमा शेयर धनि सदस्य तथा सम्पूर्णको लागि प्रकाशित गरिएको जानकारी गराउदछौ ।

**संलग्न**

१. सूचना प्रकाशित पत्रिका को प्रतिलिपि

Makar Jitumaya Suri Hydropower Ltd. MJS

.....................
सरस्वति राई
अध्यक्ष

(साविकको सुरिखोला हाइड्रोपावर लि. र मकर जितुमाया हाइड्रोपावर प्रा. लि.)

MJS

Makar jitumaya Suri Hydropower

# मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालयः त्रिपुरेश्वर, काठमाण्डौं, फोन नं. ०१-४११७००८

**Web:** www.mjshydropower.com.np, **Email:** mjs.hydropower2065@gmail.com

## १७औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२८ गते ।)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०८२ साल कार्तिक २७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको १७औं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरुको सम्बन्धमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौ ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०८२ साल मङ्सिर २६ गते, (तदनुसार सन २०२५ डिसेम्बर १२ तारिक)

स्थान : सुर्य इभेन्ट, काठमाण्डौ जिल्ला का. म. न. पा. वडा नं. ४, धुम्बाराही, आनन्दनगर ।

समय : दिनको १०:३० बजे ।

**छलफल तथा निर्णयका लागी निर्धारीत विषय सूचीहरुः**

**साधारण प्रस्तावहरुः**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८१/८२ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको मकर जितुमाया सुरि हाड्रोपावर लिमिटेडको आ.व. २०८१/८२ सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूचि उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।

४) विविध ।

**विषेश प्रस्तावहरुः**

१) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२) प्रबन्धपत्र र नियमावलीमा गरिने संसोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र वा नियमावली संसोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

*संचालक समितिको आज्ञाले*

..................

*कम्पनी सचिव*

## वार्षिक साधारण सभा सम्बन्धि अन्य जानकारीहरुः

१. यस कम्पनीले आर्थिक वर्ष २०८१/८२ मा लाभांश वितरण नगर्ने तथा वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०८/१२ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०८/११ गतेका दिन सम्म कारोबार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनिहरु सो सभामा भाग लिने र मतदान गर्न योग्य हुनेछन ।

२. शेयरधनी महानुभावहरुलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धि कागजातहरु शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा इमेल मार्फत जानकारी गरिएको छ । कारणवस कुनै शेयरधनी महानुभावहरुलाई सूचना प्राप्त नभएमा कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.वडा न. ११ त्रिपुरेश्वर काठमाडौंमा सम्पर्क गर्न सकिनेछ ।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीहरु महानुभावहरु लाई आफ्नो परिचय पत्र सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । सभामा भाग लिन प्रत्येक शेयरधनी महानुवाभहरुले सभाको दिन सभा सुरु हुनु भन्दा पहिले नै उपस्थिति भई त्यँहा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ । हाजिरी पुस्तिका विहान १०:०० बजे देखि संचालन रहेसम्म खुल्ला रहने छ ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय, का. म. न. पा. वडा न. ११ त्रिपुरेश्वर काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिस्टर्ड कार्यालय काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन सार्वजनिक विदा हुन गएमा पनि उल्लेखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ ।

६. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रूपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ ।

७. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको त्रिपुरेश्वर स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

८. सभामा आफनो लिखित राय, सुझाव राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले उक्त राय, सुझाव कम्पनीको आधिकारीक ईमेलः mjs.hydropower2065@gmail.com मा पठाउन सक्नु हुनेछ ।

९. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीका शेयरधनी दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति, अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।

१०. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन् ।

११. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर, काठमाण्डौ तथा यस कम्पनीको शेयर रजिष्ट्रार **प्रभु क्यापिटल लिमिटेड** कमलादी काठमाडौंबाट नियमानुसार प्राप्त गर्न सक्नु हुनेछ ।